# ताप्ली गाउँपालिका

जिल्ला, उदयपुर, कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

ताप्ली गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ०३ मिति २०८२/०९/२३

भाग २

नेपालको संविधान २०७२ को दफा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाद्वारा तयार गरिएको तपशिलमा उल्लेखित कार्यविधि, गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधारणको जानकारीको लागि देहायबमोजिम प्रकाशन गरिएको छ ।

## ताप्ली गाउँपालिमा सुत्केरीसँग उपाध्यक्ष भेटघाट कार्यक्रम सञ्चालन गर्ने सम्बन्धि कार्यविधि, २०८२

**प्रस्तावनाः** ताप्ली गाउँपालिका भित्रका सुत्केरी आमा तथा नवजात शिशुको गुणस्तरीय स्वास्थ्यको लागि मातृ तथा शिशु पोषण तथा स्वास्थ्य स्थितिमा सुधार ल्याउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(झ) बमोजिम ताप्ली गाउँकार्यपालिकाले मिति २०८२/०९/ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "ताप्ली गाउँपालिकामा सुत्केरीसँग उपाध्यक्ष भेटघाट कार्यक्रम सञ्चालन गर्ने कार्यविधि, २०८२" रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "अध्यक्ष" भन्नाले ताप्ली गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख. "उपाध्यक्ष" भन्नाले ताप्ली गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ख. "ऐन" भन्नाले “स्थानीय सरकार सञ्चालन ऐन, २०७४” सम्झनु पर्दछ ।

ग. "कार्यविधि" भन्नाले "ताप्ली गाउँपालिकामा सुत्केरीसँग सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन गर्ने कार्यविधि, २०८२” सम्झनु पर्दछ ।

घ. "कार्यालय" भन्नाले ताप्ली गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ. "समिति" भन्नाले दफा ८ बमोजिम गठित लाभग्राही छनौट समिति सम्झनु पर्दछ ।

**३. कार्यक्रमको उद्देश्यः-** (१) ऐन तथा यस कार्यविधिको अधिनमा रहि कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनु पर्नेछः-

**क.** गर्भवति महिलालाई नियमित रुपमा स्वास्थ्य संस्थामा गई गर्भजाँच गराई आमा तथा शिशुको स्वास्थ्य स्थितिको बारेमा जानकारी प्राप्त गर्न सचेतना प्रदान गर्नु,

**ख.** गर्भवति महिलालाई स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहित गराउनु,

**ग.** सुरक्षित मातृत्वको सुनिश्चितता प्रदान गर्ने,

**घ.** प्रजनन् स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन गर्ने

**ङ.** मातृ मृत्युदर तथा बाल मृत्युदर घटाउने,

**४. कार्यक्रम सञ्चालन प्रकृयाः** यस कार्यविधिको अधिनमारहि तपसिल बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने छः-

१. स्वास्थ्य शाखा मार्फत तथ्याङ्क सङ्कलन गरी दफा (८) बमोजिमको समितिमा पेश गर्ने,

२. दफा ८ बमोजिमको समितिको बैठकबाट लाभग्राही छनौट गर्ने

३. उपाध्यक्षको नेतृत्वमा जनप्रतिनिधि, स्वास्थ्य शाखाका आवश्यक कर्मचारीहरु समेतको सहभागितामा सुत्केरीहरुसँग प्रत्येक्ष भेटघाट गरी मापदण्ड बमोजिमका नगद वा जिन्सी हस्तान्तरण गर्नुपर्ने छ ।

**५. हस्तान्तर गरिने नगद वा जिन्सी सम्बन्धि व्यवस्थाः-**

१. सुत्केरीसँग सुत्केरी कार्यक्रम अन्तर्गत सुत्केरी आमा तथा नवजात शिशुको पोषण स्थिति सुधारको लागि जिन्सी वा नगद सहायता प्रदान गर्न सकिने छ ।

२. सुत्केरी आमा तथा नवजात शिशुको पोषण स्थिति सुधारको लागि रु. ३५०० (अक्षेरुपी तीन हजार पाँच सय मात्र) रकम नबढ्ने गरी सहायता प्रदान गर्न सकिनेछ

३. जिन्सी सामाग्रीहरुमा स्वास्थ्यमा सुधार आउने पोषणयुक्त सामाग्रीहरु जस्तैः चामल, घिउ, अण्डा, भाले लगायतका वस्तुहरु प्याकेजको रुपमा वितरण गर्न सकिने छ

**६. हस्तान्तरित नगद वा जिन्सी प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरु :**

(१) सुत्केरी महिलाको निवेदन

(२) स्वास्थ्य संस्थाले प्रदान गरेको नवजात शिशुको जन्मप्रमाणपत्र

(३) वडा कार्यालयको सिफारिस

(४) नियमित गर्भजाँच गरेको संस्थाको प्रमाण

**७. अभिलेख व्यवस्थापनः-**

१. स्वास्थ्य शाखाले सुत्केरी आमा तथा शिशुको विवरण अध्यवधिक गरी राख्नु पर्नेछ

२. कार्यक्रमको प्रगति विवरण अनिवार्य रुपमा कार्यपालकामा पेश गर्नुपर्नेछ ।

**८. लाभग्राही छनौट समिति सम्बन्धि व्यवस्थाः** उपाध्यक्ष सुत्केरी भेटघाट कार्यक्रमको लागि देहायबमोजिमको लाभग्राही छनौट समिति गठन हुनेछ

गाउँपालिका उपाध्यक्ष- संयोजक

सामाजिक विकास समितिका संयोजक- सदस्य

कार्यपालिका सदस्यबाट मध्येबाट एक जना महिला- सदस्य

सम्बन्धित वडाको वडा अध्यक्ष- सदस्य

स्वास्थ्य शाखा प्रमुख वा - सदस्य-सचिव

**९. बाधा अड्काउ फुकाउनेः-**

१. यस कार्ययविधि कार्यान्वयनमा कुनै बाधा पर्न गएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

२. यस कार्यविधिमा कुनै संसोधन गर्नुपर्ने देखिएमा गाउँकार्यपालिकाले संसोधन गर्न सक्नेछ